# बर्तमान नेपालका मूल समस्या, तिनका कारण र ऊन्मुक्तिका ऊपायहरु

होम मूर्ति पन्त, क्यानबरा

अहिले सम्ममा धेरै देशले निकै भौतिक उन्नति गरे। तर नेपाल तुलनात्मक हिसाबले हेर्दा धेरै पछि छ। नेपाल यसरि पछि पर्नुको कारण के होला र नेपाललाई कसरि सम्पन्न बनाउन सकिएला भन्ने प्रश्नहरुको जबाफ खोज्ने प्रयास यो लेखमा गरिएको छ।







ikimanepal.com




माथिका तस्बिर हेरि सके पछि यो प्रमाणित गरिरहन नपर्ला कि प्रबधियुक्त साधन लिएर काम गर्नेले खालि हात काम गर्नेले भन्दा धेरै उत्पादन गर्न सक्छ। त्यसैले गरिबीबाट देशलाइ मुक्त गर्न कामगर्ने मान्छेहरुको हातमा आधुनिक प्रबिधियुक्त साधनहरु थमाउनु पर्छ। यस्को बिकल्प छैन। त्यसैले, यो पनि ठोकुवा गर्न सकिन्छ कि पिछडिएका देशहरुको गरिबिको कारण काम गर्ने मान्छेहरुको हातमा आधुनिक ऊत्पादनका साधन नहुनु नै हो।

तर साधन त्यसै आऊदैन, यो श्रमिक आफैले जुटाएर  वा अरुले लगानि गरिदिए मात्रै आऊछ। अरुले लगानि गरेको अबस्थामा त्यसबाट हुन आऊने थप उत्पादनमा श्रमको भाग कति र पुजिको कति भन्ने समस्या उठ्छ। त्यसमा श्रमको पक्षमा तर्क गरे समाजबादि र पुजिको पक्षमा तर्क गरे पुजिबादि भइन्छ। तर, दक्ष श्रम नभई पुंजिले मात्रै उत्पादन बढाउन सक्दैन, पुंजि नभइ श्रमको उत्पादकत्व पनि बढ्दैन भन्ने तथ्य पनि भूल्न भएन। त्यसैले एक पक्षिय तर्कले लगानि मैत्रि बाताबरण बनाउदैन।

प्रतिस्पर्धात्मक बजारले निर्धारण गर्ने बितरण ब्यबस्था र सामाजिक संरक्षणको लागि आबश्यक थप कानुनि ब्यबस्था आजकल चलेको समाधान हो।

**सुशासन र बिकासको अन्तरसम्बन्ध**

सुशासित देशमा बिधानले नागरिकहरु को हक, अधिकार, कर्तब्य, छुट र प्रतिबन्धको स्पष्ट ब्याख्या गरेको हुन्छ। उचित दण्ड र पुरस्कारको पनि ब्यबस्था गरेको हुन्छ। यसले निर्धारण गरेको सिमा भित्र रहि आ-आफ्नो भलाई र ऊन्नति गर्न सबैलाई छुट हुन्छ। त्यसमा कसैले बाधा-ब्यबधान खडा गऱ्यो भने त्यस्को बिरुध्द क्षतिपुर्ति सहितको कानुनि संरक्षण प्राप्त हुन्छ। यस्तो कानुनि ब्यबस्था भएका देशहरुमा पुजि निर्माणमा लगानि गर्नेहरुलाई बढेको उत्पादनको न्यायिक बितरण को ब्यबस्था मार्फत पुरस्कृत गरिने हुदा लगानि अभिबृद्दि भई श्रमको उत्पादकत्व बढदछ। अन्ततोगत्वा देश सम्पन्न बन्दछ। संसारको ईतिहास यसको साक्षि छ।

अग्रगामि बिकाश-मुखि देशमा राम्रो कानुनि ब्यबस्थाको साथै त्यसको परिपालना पनि त्यत्तिकै कडा, खरो रुपमा भएको हुन्छ। अन्यथा त्यो कानुनको मतलब हुदैन र यस्तो ब्यबस्थामा लगानि अभिबृद्दि हुन सक्दैन। सम्पति सम्बन्धि अधिकारको राम्रो कानुनि ब्यबस्था भएका देशहरुमा नेपाल पनि एक हो। तैपनि नेपालमा उत्पादक लगानि बढन सकेन, हुनुपर्ने जति पुँजि निर्माण हुन सकेन र नेपाल संधै गरीब देशको रुपमा परिचित रहिरह्यो। त्यसको गाँठि कारण नेपालमा कानुनको परिपालना हुन नसकेकोलेनै हुनुपर्दछ भनेर ठोकुवा गर्न औला भाँचि राख्न जरूरि छैन।

**मूल प्रश्न**

नेपालमा कानुनको परिपालना हुन नसकेको किन होला? यो अब मूल प्रश्न हुन आयो। यस प्रश्नको उत्तर खोज्न नेपालको बिगतलाइ **राणा काल**, **शाह काल** र **प्रजातन्त्र काल गरि** तिन कालमा बिभाजन गरेर हेर्नु ऊपयुक्त देखदछु।

**परापूर्ब देखि राणा काल सम्म: अंश र बंशको चलखेल**

भूपरिबेष्ठित, बांकि संसारसंग कुनै लेनदेन नभएको, नाममात्रको राजतन्त्रात्मक, पितृसत्तात्मक राणाकालिन नेपालमा मान्छेको मान, सम्मान र मर्यादा ऊस्को कुल र उस्को पैत्रिक सम्पतिको आधारमा हुने भएकाले ऊनिहरुको सिप, दक्षता र योग्यताले खास महत्व राखेनन्। थप प्रगतिको बाटो रणाहरुको दरबारको ढोका कुरेर भक्ति सिध्द गर्नुमा रहेको थियो। कानुनको प्रयोग बिकाश मूलक प्रयासलाई पुरस्कृत गर्नुको सट्टा 'शान्ति' कायम राख्नमानै सिमित रह्यो। यो कालमा बजारको लागि उत्पादन गर्नु, पुंजि निर्माण र प्रबिधि बिकाश गर्नु नेपाली चेतना भन्दा टाढाको कुरा रह्यो भन्दा अतिशयोक्ति नहोला।

**शाह काल (२००७ - ०४७): साधुलाइ शूलि र चोरलाइ चौतारो**

शाह कालमा राजा सम्बिधान र कानुन माथि रहने ब्यबस्था भएकोले राजा, राजपरिबार, भाई-भारदार, हुक्के, ढोके, बैठके इत्यदि सबै कानुनको घेरा बाहिर पर्न थाले। बिस्तारै शक्तिशालि कर्मचारि र उनिहरुका आफन्त तथा उनिहरुलाई चाकरि र पैसाले सन्तुष्ट पार्नेहरुलाइ पनि कानुनले बाधा नगर्ने

हुन थाल्यो। त्यसको अर्कोपाटो पहुँच नपुगेका, गरि खाने जनता अन्यायमा पर्दै रहे। कानुनको किताबमा जे जस्तो ब्यबस्था भएको भएपनि नेपालमा त्यसको निष्पक्ष परिपालना हुन सकेन।

यहि कालमा नेपाल पनि बिस्तारै बिश्वबजार सित जोडिन थाल्यो र त्यसै अनुरुप जनचेतना पनि बढन थाल्यो। उद्योग-ब्यापारमा लगानि गर्ने ऊत्सुकता जाग्यो। तर, कानुनको निष्पक्ष परिपालनाको अभाबमा उद्योगमा लगानि गर्दा कसलाइ कुनबेला काति घुस दिनुपर्ने हो त्यसको लेखा जोखा गर्न नसकिने हुदै गयो। जोखिम बढ्यो।

उद्योगमा लगानि गरेर जोखिम मोल्नु भन्दा घुसखोरि, कालोबजार, आयात-निर्यातका लाईसेन्सको दुरुपयोग, तस्करि र सट्टेबाजि आदि मा लाग्नु छिटो धनि बन्ने सुगम मार्ग बने। त्यसैले, उत्पादक क्षेत्रमा लगानि बढेन। भूमीगत गिरोहहरु, दुइ नम्बरि धन्दाहरु फस्टाऊदै गए। भ्रष्ट कर्मचारिहरुको उन्नति भयो, राष्ट्रसेबकहरु अपमानित भए। नेताहरुको किनबेच सुरु भयो। छोटकरिमा भन्दा यो काल मा साधुलाई शूलि र चोरलाई चौतारि भयो।

राजाका पालामा बढदै गएको अन्यायबाट पिल्सिएका जनताले पटक-पटक बिद्रोह गरे। फलस्वरुप २०४७ साल पछि राजालाई सिमित घेरामा राखेर बहुदलिय शंसदिय ब्यबस्था अनुसार दलहरुले नेपालमा शासन गर्ने अबसर प्राप्त गरे।

**प्रजान्त्रकाल: पद र पैसाको अपबित्र प्रेम**

जनताले दलहरुबाट कानुनि राज्यको (सुशासनको) प्रत्याभुति खोजेका थिए। सबै प्रकारका अन्यायबाट मुक्ति पाउने आषा गरेका थिए। तर त्यहिबेला, एकातिर भ्रष्टाचार, कालोबजार, तस्करि ईत्यादि बाट मौलाएको नयाँ समुह बिभिन्न दल भित्र प्रबेस गरेर वा दल मार्फत सरकार कब्जागरि कानुनि शासन स्थापित हुन नदिने दाउमा लाग्यो भने अर्कोतिर जसरि भएपनि सरकारको नेतृत्व लिइरहन चाहने नेता तथा दलहरु 'चुनाब खर्च' जम्मा गर्न जोसुकैसंग पनि हात मिलाउन तैयार भए। दल र दलका नेताहरुले 'चन्दा' मा आफुलाई बेचे। भ्रष्ट दलिय नेता, भ्रष्ट कर्मचारि र दुई नम्बरि ब्यापारिहरुको बिचमा अपबित्र गठबन्धन कायम भयो। अपरधि-कानुनमिचुवाहरुले राजनैतिक संरक्षण प्राप्त गरे। पद-धाँदलि-पैसा-चुनाब-पद को दुष्चक्र संस्थागत भयो। यो क्रममा बिभिन्न दलका नेताहरुले आपराधिक संगठनको पनि सहयोग लिने गरेकाले राजनितिभित्र अपराधले खुला प्रबेश पायो। राजाको पालामा भन्दा प्रजातन्त्रकालमा दण्डहिनता झनै मौलायो।

यो क्रमले देशमा अर्को बिकृति थप्यो – पैसा कमाउने सब भन्दा छोटो बाटो 'राजनिति' भयो। बिभिन्न उद्योगपति र ब्यापारिहरु समेत सक्रिय राजनितिमा लाग्न थाले। ब्यापारिले राजनिति र राजनेताले ब्यापार गर्दा देश र उद्योग-धन्दा दुबैको एकसाथ पतन सुरु भयो। बर्तमान नेपालमा राजनिति मार्फत सरकारलाइ केहि 'ब्यापारिले' कब्जा गरेर राजनितिलाइ सुसाशन दिने हैन ब्यक्तिगत सम्पत्ति आर्जन गर्ने माध्यम बनाए। पद र पैसाको अपबित्र गठबन्धन बलियोसंग कसियो।

**प्रजातन्त्रकालको उत्कर्ष: गणतन्त्र**

अन्याय खप्न नसकेका जनताले बिधिको शासन कायम होस भनेर बिद्रोह गरे, जिबन अर्पण गरे। गणतन्त्र आयो। दलहरुको हातमा जनताले शासनको बागडोर थमाए।

तर, दलहरुले अन्याय कम गर्न तिर हैन जनता लाइ 'राहत' दिने नाँउमा मलम पट्टि (मरेकालाइ शहिद घोषणा गर्ने र नगद बाडने जस्ता) दिन तिर लागे। गणतान्त्रिक नेपालमा राजनिति, पद र पैसाका अपबित्र गठबन्धनहरु मासिएनन् बरु गाउँ-गाउँ सम्म फैलिए। फलत: अधिकांश दलहरु अपराधि गिरोहको प्रत्यक्ष वा अप्रत्यक्ष कब्जामा पुरै फँसे।

***नेपालीले खेपिरहेका सबै समस्याको मूल जरो - बिधिको शासनको अभाब - जस्ताको त्यस्तै रहयो। फलत: अहिलेको नेपाल पुजि र श्रम बिचको भागबण्डाको व्दन्दमा हैन कि सुशासन चाहनेहरु र कुशासनबाट लाभ लिनेहरु बिचको व्दन्दमा फँसेको छ। कुशासनबाट लाभ लिनेहरु ले बर्तमान राजनितिलाई कब्जा गरेका छन्।***

त्यसैले पद र पैसाको घनचक्कर बाट राजनितिलाइ फुत्काएर ठिक मान्छेलाई ठिक ठाँउमा - अर्थात अपराधिलाई जेलमा, ब्यापारिलाई उद्योग-ब्यापारमा र सिध्दान्तनिष्ट, सदाचारि नेतालाइ राजनितिमा - कसरि लगाउने भन्ने नै अहिलेको नेपालको मूल समस्या हो।

यो समस्यालाइ हल नगरि नेपाल र नेपाली सम्पन्न बन्न सक्ने सम्भबना छैन। त्यसो भए के गर्ने त?

**ऊन्मुक्तिका तिन ऊपायहरु:**

१. **बिधिको शासनको लागि एकजुट हुने**: जनताले खोजेको बिधिको शासन निम्न प्रकारले कायम गर्न सकिन्छ। सरकारले बर्तमान कानुनलाइ पूर्ण, निष्पक्ष र पारदर्शि तरिकाले कुनै लोभ वा त्रास बिना लागु गर्ने, सबै राजनैतिक दल र नेताहरुले कानुनको परिपालना गर्दा हस्तक्षेप नगर्ने प्रतिबध्दता दिने, निर्णय कार्यान्वयन भईसकेपछि त्यो बिधि सम्मत रहयो कि रहेन भनेर राजनैतिक तहबाट खोजिनिति गर्ने र नागरिक समाजले यसमा कडा निगरानि राखि राख्ने र नेता र सरकारलाई दबाब दिई रहने।

२. **नयाँ शासकिय स्वरुप:** पद र पैसाको घन चक्कर बाट राजनितिलाई मुक्त गर्न नयाँ शासकिय स्वरुप आबस्यक छ, जस्मा निम्न कुरा हुनपर्ने देखिन्छन: स्वतन्त्र कार्यपालिका, ब्यबस्थापिका र न्यायपालिका को ब्यबस्था, प्रत्यक्ष निर्बाचन बाट प्रमुख कार्यकारिणि को चयन, शांसदहरु सरकारमा जान नपाउने ब्यबस्था (उनिहरु बिधि निर्माण र सरकारको निगरानि गर्नमा ब्यस्त रहन पाउन)। यस्तो ब्यबस्थामा चुनाब, पद, र पैसाको सम्बन्ध टुट्ने छ र सरकार पनि स्थिर रहने छ। फलत: बिधिको शासन चलने छ, जस्ले उत्पादक क्षेत्रमा लगानि उत्साहित गर्ने छ। उत्पादकत्व बढन गई देश सम्पन्न बन्ने छ।

३. **प्रभाबकारि बिकेन्द्रिकरण को लागि राज्यको पुनर्संरचना:** माथिका २ शर्तले बिकासको आधार त बनाउछन, तर बिकासको दर तिब्र पार्न र त्यसलाइ टिकाइ राख्न न्यायपूर्ण बितरण ब्यबस्था आबस्यक पर्दछ जसको लागि राज्यको पुनर्संरचना जरुरि छ। नयाँ संरचनामा निम्न गुणहरु आबश्यक देखिन्छन: राज्यहरु बिच सहकारिता , श्रोत तथा साधन माथि समान पहुँच, श्रम तथा पुंजिको गतिशिलता, अंश र बंश भन्दा क्षमता,

कौशल र प्रतिभाको कदर,शासन ब्यबस्थामा सरोकारवाला जनताको सहि प्रतिनिधित्व,  सबैलाई  बिधिको साशनको बराबर  प्रत्याभूति।  यस्तो  संरचनामा सबै जनताले आफ्नो हक अधिकारको पूर्ण रक्षा भएको अनुभब गर्नेछन  जस्ले  राष्ट्रिय अखण्डताको पनि  आफै  जगेर्ना गर्ने  छ।

http://nepalipatra.com/news/detailarticle.php?article_id=232